# प्रेस विज्ञप्ति- ३३८

# Press Release- 338

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ

मिति: २०८०।०५।३१ गते।

**अमेरिकाबाट गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार हुँदै पठाईएको लागु औषध गाँजा ३ के.जी. २३९ ग्राम कन्ट्रोल डेलीभरीको क्रममा ६ जना मानिस पक्राउ र खैरो हेरोईन २६८.२१० ग्राम सहित ४ जना मानिस पक्राउ।**

**लागु औषध नियन्त्रण ब्यूरोबाट गरीएको कन्ट्रोल डेलीभरी तथा अन्य कार्वाहीको क्रममा निम्नानुसारका अवैध लागु औषध कारोवार गर्ने व्यक्तिहरुलाई लागु औषध सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित जिल्ला अदालतबाट लागु औषध मुद्धामा म्याद थप भई अनुसन्धान भईरहेको।**

- मिति २०८०।०५।१९ गते अमेरिकाबाट का.जि.का.म.न.पा. ३० गोश्वारा हुलाक कार्यालय डिल्ली बजार मार्फत जिल्ला हुलाक कार्यालय बिरगंजमा प्राप्त हुने गरी पठाईएकोमा कार्टुन बक्स थान १ शंका लागी चेक जाँच गर्दा लुकाउ छिपाउ गरी लुकाएको **अवैध लागु औषध गाँजा ९०० ग्राम** बरामद गरिएकोमा उक्त कार्टुन बक्स प्राप्त गर्ने व्यक्तिलाई पक्राउ गर्नका लागी Control Delivery गरी पठाईएकोमा उक्त पार्सल लिन आउने व्यक्तिहरु जि.पर्सा, बिरगंज म.न.पा. १६ बस्ने बर्ष ३२ को डल्लु राम र ऐ.ऐ. बस्ने बर्ष ४३ को हविव मियालाई मिति २०८०।०५।२४ गते जिल्ला पर्सा, बिरगंज उ.म.न.पा. ८ जिल्ला हुलाक कार्यालयबाट पक्राउ गरी लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम यस ब्यूरोबाट आवश्यक अनुसन्धान भई रहेको।
- मिति २०८०।०५।२४ गते अमेरिकाबाट का.जि.का.म.न.पा. ३० गोश्वारा हुलाक कार्यालय डिल्ली बजार मार्फत जिल्ला हुलाक कार्यालय पोखरामा प्राप्त हुने गरी पठाईएको कार्टुन बक्स थान १ शंका लागी चेक जाँच गर्दा लुकाउ छिपाउ गरी लुकाएको **अवैध लागु औषध गाँजा १ के.जी. ४०० ग्राम** बरामद गरिएकोमा उक्त कार्टुन बक्स प्राप्त गर्ने व्यक्तिलाई पक्राउ गर्नका लागी Control Delivery गरी पठाईएकोमा उक्त पार्सल लिन आउने व्यक्ति भारतीय नागरिक बर्ष २४ को Ajin Varghes लाई मिति २०८०।०५।२५ गते जिल्ला कास्की, क्षेत्रीय हुलाक कार्यालय, पोखरा कास्कीबाट निजलाई पक्राउ गरिएकोमा निजको डेराकोठाबाट थप **अवैध लागु औषध गाँजा ७२० ग्राम** बरामद गरी लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम यस ब्यूरो तथा व.प्र.का. वैदामबाट समेत आवश्यक अनुसन्धान भई रहेको।
- रेनुका तामाङले गोश्वारा हुलाक कार्यालय डिल्ली बजारबाट मिति २०८०।०५।२४ गते पाउने गरी लुकाउ छिपाउ गरी पठाईएकोमा अवैध लागु औषध गाँजा सहितको पार्सल कार्टुन बक्स थाना १ लिन आएकी जिल्ला डडेलधुरा, गन्यापधुरा गा.पा. १ बस्ने बर्ष ३९ की रेनुका तामाङलाई पक्राउ गरी **अवैध लागु औषध गाँजा ९३९ ग्राम** बरामद गरीएको र निजलाई सो सम्बन्धमा आवश्यक अनुसन्धान गर्दै जाँदा उक्त सामान भारतीय नागरिक बर्ष ३० को अरुण कुमार र मोहमद नईमले लिन पठाएको भनि खुलाएकोमा निजहरुलाई समेत पक्राउ गरी लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम यस ब्यूरोबाट आवश्यक अनुसन्धान भई रहेको।
- मिति २०८०।०५।२३ गते ला.औ.नि. ब्यूरो शाखा कार्यालय, धनगढीबाट खटिएको प्रहरी टोलीले जिल्ला कंन्चनपुर, बेलडाडी न.पा. वडा नं. ८ बाट जि.कंन्चनपुर, बेलडाडी न.पा. वडा नं. १० बस्ने बर्ष २६ को हिक्मत हमालको साथबाट **अवैध लागु औषध खैरो हेरोईन ४७.८५० ग्राम** सहित पक्राउ गरी थप अनुन्धानको लागी ई.प्र.का. बेलडाडी बुझाईएको।
- मिति २०८०।०५।२५ गते ला.औ.नि. ब्यूरो शाखा कार्यालय, नेपालगंजबाट खटिएको प्रहरी टोलीले जिल्ला बाँके, नेपालगगंज उ.म.न.पा. १५ बाट जिल्ला दाङ, घोराही न.पा. वडा नं. ११ बस्ने बर्ष २५ को संजय नेपालीको साथबाट **अवैध लागु औषध खैरो हेरोईन ५० ग्राम** सहित पक्राउ गरी थप अनुन्धानको लागी जि.प्र.का.बाँकेमा बुझाईएको।
- मिति २०८०।०५।२८ गते ला.औ.नि. ब्यूरो शाखा कार्यालय, बिराटनगरबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ, सुन्दरहरैचा वडा नं. ३ बाट ऐ.ऐ. ठेगाना भएका बर्ष ४८ को नेत्र बिनोद भट्टराईको साथबाट **अवैध लागु औषध खैरो हेरोईन ५१.६५० ग्राम** सहित पक्राउ गरी थप अनुन्धानको लागी ई.प्र.का. रानी बिराटनगरमा बुझाईएको।
- मिति २०८०।०५।३० गते यस ला.औ.नि. ब्यूरो तथा शाखा कार्यालय काँकडभिट्टाको संयुक्त प्रहरी टोलीले जिल्ला झापा, अर्जुन धारा न.पा. वडा नं. ११ बाट जि.झापा, अर्जुनधारा न.पा. वडा नं. ६ मा अस्थायी बसोवास गर्दै आएका भारतीय नागिरक बर्ष २० को लाल मियाँको साथबाट **अवैध लागु औषध खैरो हेरोईन ११८.७१० ग्राम** सहित पक्राउ गरी थप अनुन्धानको लागी ई.प्र.का. अनारमणी झापामा बुझाईएको।

•••







**प्रवक्ता / सूचना अधिकारी**
(चक्रराज जोशी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३